# रुपनी गाउँपालिकाको गाउँसभामा
# उपाध्यक्ष श्री पुष्पा कुमारी श्रेष्ठज्यूद्धारा प्रस्तुत

## आर्थिक वर्ष २०८२/०८३ को वजेट बक्तब्य

## रुपनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रुपनी, सप्तरी
## २०८२ साल असार ०९ गते सोमवार

# रुपनी गाउँपालिकाको आ.व. २०८२/०८३ को उपाध्यक्षबाट प्रस्तुत प्रस्तावित कार्यक्रम तथा बजेटः

आदरणीय गाउँ सभा अध्यक्ष्यज्यू

सभा सदस्यज्यूहरु

गाउँसभाका सचिव तथा प्रमुख प्रशासकीय अधिकृतज्यू,

यस रुपनी गाउँपालिकाको कार्यालयका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,

सञ्चारकर्मी मित्रहरु एवम्

रुपनी गाउँपालिकाबासी सम्पूर्ण आमा बुवा, दाजु भाई तथा दिदी बहिनीहरुः

१. रुपनी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँ सभामा आर्थिक वर्ष २०८२।०८३ को बजेट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महसुस गरेको छु ।

२. यस अवसरमा सर्वप्रथम राष्ट्रियता, समाबेशी लोकतन्त्र, गणतन्त्र, सामाजिक न्याय र मानव अधिकारको पक्षमा बलिदान दिने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्दै ऐतीहासिक आन्दोलनका बेपत्ता, घाइते तथा सम्मानित नेतृत्वहरु प्रति सम्मान व्यक्त गर्दछु ।

३. नेपालको संबिधान २०७२ मा उल्लेखित राज्यको निर्देशक सिद्वान्त, मौलिक हक, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम , संघीय ऐन, कानुन र कार्यविधिहरु बाट निर्देशित हुँदै गाउँबासीको आकांक्षा सम्बोधन गर्न गाउँसभा बाट पारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी बजेट प्रस्तुत गरेको छु ।

४. जनप्रतिनिधि, गाउँपालिका बिषयगत समिति, राजनीतिक दलका नेतृत्वकर्ता, निजि क्षेत्र, सामुदायिक संस्थाहरु, नागरिक समाज तथा बुद्दिजीवी, युवा तथा किसानहरु लगायतका क्षेत्रको सल्लाह सुझाव र परामर्शहरुलाई समेटेर आ.व. २०८२।०८३ को बजेट तर्जुमा गरिएको छ ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

अब म **"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार हाम्रो गाउँपालिका निर्माणको आधार"** भन्ने रुपनी गाउँपालिकाको दीर्घकालिन सोंचलाई मुर्तरुप दिन आर्थिक वर्ष २०८२।०८३ को बजेट निर्माण गर्दा लिइएका प्राथमिकताका क्षेत्र एवम् आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**प्राथमिकता क्षेत्रहरु**

- कृषि तथा पशु सेवामा आधुनिकीकरण तथा ब्यवसायिकरणको लागि विशेष जोड
- पूर्वाधार विकास
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार
- सूचना प्रविधि तथा सञ्चारमा विकास
- सुशासन प्रर्वद्धन र सार्वजनिक सेवाको गुणस्तर
- उद्यम र सहकारीताको विकास
- विपद ब्यवस्थापन पूर्व तयारी राहत वितरण र पुर्नस्थापन, पुनःनिर्माण
- विपद् जोखिम उत्थानसिल बिकास र संभाबित विपत्तिपुर्ण अबस्थामा पनि अत्यावश्क सेवा सुविधामा पहुचको सुनिश्चितता
- ऐतिहासिक तथा साँस्कृतीक र धार्मिक पर्यटन प्रवद्र्धनको क्षेत्रमा विशेष जोड
- मानव संसाधन र सामाजिक विकास
- जलवायु उत्थानशिल कृषि तथा भूमि नमूनाको प्रयोग
- सवैको लागि स्वच्छ खानेपानीको उपलब्धता
- सामुदायिक वनको संरक्षण तथा ब्यवस्थापन
- लैंगीक हिंसा विरुद्धका कार्यक्रममा जोड

**प्राथमिकताका आधारहरु**

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- कृषि, पशुपालन, लघु उद्यम मार्फत स्वरोजगार सृजना गर्ने ।
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजस्व परिचालनमा योगदान पुर्‍याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने,
- कोहि पनि पछाडी नछुटुन भन्ने अभिप्रायका साथ बन्चितीकरणमा परेका सिमान्तिकृत समुदायलाई बिकासको मूल प्रबाहमा ल्याउने, र
- स्थान विशेषको संस्कृति र पहिचान प्रवद्र्धन गर्ने ।

**आदरणीय गाउँसभा अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु**

अव म आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आयको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**<u>संघीय सरकारबाट प्राप्त हुने अनुदानमाः</u>**

- समानिकरण अनुदान रु. ९ करोड ४२ लाख
- राजश्व बाँडफाँड रु. ९ करोड ५५ हजार लाख
- शसर्त अनुदान रु. २३ करोड ८९ लाख
- समपुरक अनुदान रु. २ करोड १५ लाख
- बिषेश अनुदान रु. १ करोड

**<u>मधेश प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमाः</u>**

- समानिकरण अनुदान रु ६५ लाख २० हजार
- राजश्व वाँडफाँड रु ५३ लाख ६८ हजार
- समपूरक अनुदान रु २० लाख
- प्रदेश सशर्त अनुदान रु ८० लाख
- विशेष अनुदान रु ३० लाख

**<u>आन्तरिक श्रोत तर्फः</u>**

आगामी वर्ष विभिन्न कर शुल्क दस्तुर समेत आन्तरिक श्रोतबाट रु ६० लाख आय अनुमान गरिएको छ ।

उपरोक्तानुसार आगामी आर्थिक वर्ष २०८२/०८३ मा कुल आय अनुमान रु ४८ करोड ५५ लाख ४३ हजार ४ सय ३१ रुपैया हुने देखिन्छ ।

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु**

अव म आर्थिक वर्ष ०८२/०८३ को अनुमानित ब्ययको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

१. विषयगत शाखा तर्फ रकम रु. २ करोड ७६ लाख २५ हजार बजेट विनियोजन गरिएको छ ।

क। कृषि शाखा तर्फ रु. ३० लाख

ख। पशुपंक्षी विकास शाखा तर्फ रु. ४० लाख

ग। महिला तथा बालबालिका शाखा तर्फ २५ लाख

घ। स्वास्थ्य शाखा तर्फ ३३ लाख २५ हजार

ङ। शिक्षा युवा तथा खेलकुद शाखा तर्फ रु. १ करोड

च। सुचना प्रविधि शाखा तर्फ रु. १४ लाख

छ। खानेपानी तथा सरसफाई तर्फ रु. ५० हजार

ज। प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु. ३ लाख

झ। समाजिक सुरक्षा तथा पंजिकरण इकाइ तर्फ रु. २ लाख

ञ। बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ रु. २ लाख

ट। उद्यम विकास कार्यक्रम तर्फ रु. २ लाख

ठ। न्यायिक समिति तर्फ रु. २५ लाख

२. गाउँपालिका स्तरिय तथा वडा स्तरिय तर्फ रकम रु. ७ करोड ९० लाख ४५ हजार

क। गाउँपालिका स्तरिय तर्फ रकम रु. २ करोड ६० लाख ४५ हजार विनियोजन गरेको छ ।

ख। वडा नं. १ तर्फ रु. ९० लाख

ग। वडा नं. २ तर्फ रु. ९० लाख

घ। वडा नं. ३ तर्फ रु. ९० लाख

ङ। वडा नं. ४ तर्फ रु. ८० लाख

च। वडा नं. ५ तर्फ रु. ९० लाख

छ। वडा नं. ६ तर्फ रु. ९० लाख

३. प्रशासनिक चालु तर्फ रु. ९ करोड ५४ लाख

४. संघीय सरकार शशर्त, विषेश, समपुरक अनुदान तर्फ प्राप्त बजेट रकम रु. २७ करोड ४ लाख र प्रदेश सरकार शशर्त, बिषेश, समपुरक अनुदान तर्फ प्राप्त बजेट रकम रु. १ करोड ३० लाख जम्मा गरी रकम रु. २८ करोड ३४ लाख बाट संघीय सरकार र प्रदेश सरकारबाट LMBIS अन्तर प्राप्त कार्यक्रमहरु संचालन गरिनेछ ।

**अध्यक्ष महोदय,**

रुपनी गाउँपालिकाको चौतर्फी विकास हाम्रो चाहाना अभियानलाई पूरा गर्नको लागि यो वजेट सार्थक सिद्ध हुने विश्वास लिएको छु । संघ तथा प्रदेशबाट प्राप्त गर्ने वित्तीय सम्मानीकरण, सशर्त, राजश्व वाँडफाँडको रकम समयमा प्राप्त हुन्छ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत गरिएको बजेट कार्यान्वयनबाट रुपनीवासिको समृद्धी, अधिकारको सुनिश्चतता, सार्वजनिक सेवाको प्रभावकारीता र गुणस्तर वृद्धि हुने विश्वास लिएको छु । आगामी आर्थिक वर्ष रुपनी गाउँपालिकाको पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, सामाजिक सेवा, सुशासनको क्षेत्रमा महशुस हुने गरी परिवर्तन हुने अपेक्षा राखेको छु । यो बजेट गाउँपालिकामा कर्मचारी आवश्यकता अनुसार आपूर्ति, कार्ययोजना निर्माण गरी कार्य सम्पादन, सवै सरोकारवालाहरुको सहयोग भएमा १०० प्रतिशत कार्यन्वयन हुनेमा पूर्ण विश्वस्त छु ।

अन्तमा वजेट तर्जुमा गर्दा मार्ग निर्देश गर्ने गाउँपालिकाका सदस्यहरु, कार्यपालिका, बौद्धिक वर्ग, कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । **धन्यवाद ।**

**“सुन्दर, सुशासित र समृद्ध रुपनी, साकार पार्न अग्रसर छु म पनि” नाराका साथ पुन धन्यवाद दिन चाहन्छु।**

पुष्पा कुमारी श्रेष्ठ
उपाध्यक्ष
रुपनी गाउँपालिका, सप्तरी ।